अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी कास्की
गण्डकी प्रदेश नेपाल

# विपद प्रतिकार्य अल्पकालिन योजना - २०७९

## स्थानीय विपद ब्यवस्थापन समिति

अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

माछापोखरी, कास्की

विष्णु बहादुर के.सी.
अध्यक्ष

# विपद प्रतिकार्य सम्बन्धी अल्पकालिन योजना २०७९, अन्नपूर्ण गाउँपालिका, कास्की

## पृष्ठभूमि

मनसुनजन्य विपद् जोखिम न्युनिकारण र व्यवस्थापनका लागी राज्यका सबै खालका गतिविधीहरुको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गर्दै सर्वसाधारणको जिउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पतीको रक्षा गर्नु राज्यका निकायहरुको अनिवार्य दायित्व रहन्छ। त्यसो त अन्नपूर्ण गाउँपालिकाको लुम्ले नेपालमा सबैभन्दा धेरै पानी पर्ने स्थानका रुपमा रहेको हुदाँ मनसुनजन्य प्रकोपको जोखिम अन्य प्रकोपको तुलनामा स्वभाविक रुपमा बढि देखिन्छ। त्यसै गरि यहाँको भिरालो किसिमको भूवनोट, माटोको प्रकृति, जन आकांक्षामा आधारित सडक सञ्जाल लगाएतका विकासका पूर्वाधार संरचनाहरु, जनस्तरमा विपदको जोखिमका विषयमा न्यून चेतना / चासो, र विकास निर्माणका अन्य क्रियाकलापहरू वीचको कमजोर समन्वयका कारण वर्षायामको प्रारम्भसँगै बाढी, पहिरो, भूक्षय जस्ता विपदहरु आइपर्ने संभावना उच्च रहेकोछ। विश्व मानचित्रमा नेपाल जलउत्पन्न प्रकोप संबन्धि जोखिमका हिसावले ३० औ स्थानमा र अन्य सबै खाले विपद् जोखिमका हिसावले २२ औ स्थानमा रहेको कुरा विभिन्न अध्ययन र तथ्यांकले देखाउँछ। तसर्थ यस्ता खालका विपद्का घटनाका कारण यस अन्नपूर्ण गाउँपालिकामा समय समयमा भएको जनधनको क्षतिको प्रवृति समेतको अध्ययन गर्दा यस्तो क्षतिलाई न्यूनिकरण गर्न तथा विपद् व्यवस्थापनका महत्वपूर्ण चरणको रुपमा रहेका विपद् जोखिम न्यूनिकरण, खोज, उद्धार र पुनर्स्थापना लगायतका अल्पकालिन कार्यहरु प्रस्तुत योजना अनुसार अगाडी बढाउने गरि यस क्षेत्रमा क्रियाशिल विभिन्न निकाय र सामाजिक संघसंस्थाको समन्वय र सहकार्यमा गाउँपालिका अन्तर्गत रहेका सुरक्षा निकायहरु, सरकारी तथा गैर सरकारी संघ/संस्थाहरु, स्थानीय विपद व्यवस्थापन समिति तथा वडा स्तरीय विपद ब्यवस्थापन समितिहरु समेतको क्षमताको अधिकतम् उपयोग गर्ने गरी मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ तयार गरिएको छ।

## उद्देश्य

यस मनसुन प्रतिकार्य योजनाका उद्देश्यहरु निम्नानुसार रहेका छनः

१. बर्षायामको शुरुवात सगै मनसुन सुरु भै सृजना हुन सक्ने सम्भावित जोखिमको पहिचान गर्ने।

२. विपद् व्यवस्थापनका महत्वपूर्ण गतिविधिका रुपमा रहेका विपद् जोखिम न्यूनिकरण, खोज, उद्धार र पुनर्स्थापना लगायतका कार्यहरुलाई प्रभावकारी बनाउने।

३. स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद ब्यवस्थापन समिति साथै उपल्लो तहका सबै सरोकारवाला निकाय तथा संघ संस्थाहरूसँग समन्वयमा मनसुनजन्य विपद पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने

४. प्राप्त अनुभव र तथ्यांक एवं यस क्षेत्रको विपद संबन्धि विगतको अदस्थाको अध्ययन गरि आगामी बर्षमा दिर्घकालिन विपद प्रतिकार्य योजना तयार गर्ने।

## चुनौतिहरु

१. विपद जोखिमबाट प्रभावित हुन सक्ने सम्भावित स्थानहरु र जनसंख्याको पहिचान गर्ने।

२. विपद् व्यवस्थापनको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने।

३. तत्काल उद्धारको लागि आवश्यक श्रोत तथा सामग्रीको व्यवस्थापन गर्ने।

विष्णु बहादुर के.सी.
अध्यक्ष

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी कास्की
गण्डकी प्रदेश नेपाल

## विपद प्रतिकार्य तथा ब्यवस्थापनका लागी तत्काल गरिने कार्यहरु:

- सबै वडाहरुमा वडा स्तरीय विपद ब्यवस्थापन समिति गठन गर्ने र वडा अन्तर्गतका सामाजिक संघसंस्थाहरुलाई मनसुनको समयमा वडा कार्यालय र वडा स्तरीय विपद ब्यवस्थापन समिति सँगको सम्पर्कमा रही उच्च सतर्कता अपनाउनका लागी आव्हन गर्ने।

- सम्भावित विपद जोखिमको न्युनिकरण एवं ब्यवस्थापनका लागी गाउँपालिका अन्तर्गतका सुरक्षा निकाय (प्रहरी चौकीहरु) हरुलाई तत्काल उद्धारका लागी आवस्यक पर्ने सामाग्रीहरु जस्तैः गैंची, सावेल, रुख काट्ने चेन्सो मेसीन, डोरी, रेनकोट, बुट, पञ्जा लागाएतका सामाग्रीहरु खरिद गरि उपलब्ध गराउने।

- गाउँपालिकाले सम्भावित मनसुनजन्य विपद जोखिमलाई मध्यनजर गर्दै विपद ब्यवस्थापनका लागी आवस्यक ग्याविङ तारजाली, खानेपानी तथा सिंचाईका पाईप, प्लास्टी, त्रिपाल, बिधुत पोल ईत्यादी सामाग्रीहरुको ब्यवस्था मिलाउने।

- विपदको समयमा आपतकालिन रुपमा उपलब्ध गराउनु पर्ने खाद्यान्न र लत्ता कपडाको ब्यवस्थापनका लागी गाउँपालिकाले विपद ब्यवस्थापन कोषको उपयोग गर्ने।

- गाउँपालिकाले स्थानीय विपद ब्यवस्थापन कोषमा पर्याप्त रकम जम्मा गर्ने ब्यवस्था मिलाउने।

- गत विगतको अवस्था र पुर्व अनुभवको आधारमा जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरि उक्त क्षेत्रका बासीन्दाहरुलाई उच्च सतर्कता अपनाउनका लागी सचेत गराउने।

- गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थकर्मीहरुलाई विशेष गरेर मनसुनको समयमा लामो विदामा नबस्न र अत्यावस्यक काम बाहेक कुनै पनि अवस्थामा सकभर बिदा नलिनका लागी निर्देशन गर्ने।

- सम्भावित विपद पश्चातको उद्धार र तत्काल पुनर्स्थापनाको लागी गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा उपलब्ध हुनसक्ने सुरक्षित खाली ठाउँहरुको पहिचान गरि सोको विवरण तयार गरिराख्ने र जिल्ला स्थीत विपद ब्यवस्थापन समिति र सुरक्षा निकायहरुलाई समेत उपलब्ध गराउने।

- सम्भावित विपद जोखिमलाई मध्येनजर गर्दै गाउँपालिका अन्तर्गतका विभिन्न बस्तीहरुलाई राजमार्गसँग जोड्ने मुख्य सडकहरुलाई बाह्रै महिना संचालनमा ल्याउनका लागी गाउँपालिकाले आवस्यक ब्यवस्था मिलाउने।

विष्णु बहादुर के.सी.
अध्यक्ष

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी कास्की
गण्डकी प्रदेश नेपाल

**विपदको आइपरेको अवस्थामा तत्काल परिचालित हुने संयन्त्र:**

- स्थानीय विपद ब्यवस्थापन समिति
- गाउँपालिकाको कार्यालय (जनप्रतिनिधि र कर्मचारी सहित)
- गाउँपालिका अन्तर्गतका सबै वडाका वडा स्तरीय विपद ब्यवस्थापन समिति र वडा कार्यालय परिवार
- गाउँपालिका अन्तर्गतका ४ वटै प्रहरी चौकीहरु
- गाउँपालिका अन्तर्गतका रेडक्रस सोसाइटीका शाखा/उपशाखाहरु
- गाउँपालिका अन्तर्गतका ११ वटै स्वास्थ्य संस्थाहरु
- गाउँपालिका अन्तर्गतका ११ वटै वडाका युवाक्लव, आमा समुह र अन्य सामाजिक संघसंस्थाहरु

**गाउँपालिका अन्तर्गत तत्काल पुनर्स्थापनाका लागी सुरक्षित ठाउँका रुपमा पहिचान गरिएका स्थानहरु:**

| क्र.सं. | पहिचान गरिएको स्थान | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | परशु आधारभुत विधालय | अधिकारी डाँडा, वडा नं.१ | |
| २ | नेपाली समाज घर | भारती डाँडा, वडा नं.१ | |
| ३ | लहरी आ.वि | फल्लापानी, वडा नं.१ | |
| ४ | बिकासज्योती आ.वि. | लेवाडे, वडा नं.१ | |
| ५ | फेदी समाज घर | फेदी , वडा नं.१ | |
| ६ | सिर्जना मा.वि. | सिम्पाली, वडा नं.१ | |
| ७ | महेन्द्र आ.वि | नौडाँडा, वडा नं.१ | |
| ८ | माछापुछ्रे नमुना मा.वि. | ढीकुरपोखरी, वडा नं. २ | |
| ९ | दुर्गा भवानी आ.वि. | शेराचौर, वडा नं. २ | |
| १० | सरस्वती आ.वि. | ठुलाचौर, वडा नं. २ | |
| ११ | धारापानी मा.वि. | धारापानी, वडा नं. ३ | |
| १२ | वौद्ध आमा समुह भवन | पाउँदुरकोट, वडा नं. ३ | |
| १३ | हल्जेभाई समाज घर | काँडे, वडा नं. ३ | |
| १४ | आमा समुह भवन | लक्ष्मी देउराली, वडा नं. ३ | |
| १५ | सामुदायिक भवन | हुलाक, वडा नं. ४ | |
| १६ | साविक सल्यान गा.वि.स.को कार्यालय भवन | हुलाक, वडा नं. ४ | |
| १७ | साविक सल्यान स्वास्थय चौकीको भवन | हुलाक, वडा नं. ४ | |
| १८ | गुरुङ समाजघर | बाँसखर्क, वडा नं. ४ | |
| १९ | बहादुरे मा.वि. | भदौरे देउराली, वडा नं. ४ | |
| २० | भदौरे युवाक्लव भवन | भदौरे देउराली, वडा नं. ४ | |
| २१ | जनशिद्ध आ.वि. | पुरानो गाउँ, वडा नं. ५ | |

विष्णु बहादुर के.सी.
अध्यक्ष

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी कास्की
गण्डकी प्रदेश नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| २२ | जनजागृत आ.वि. | लुएँरा, वडा नं. ५ | |
| २३ | शितला मा.वि. | झोवाङ, वडा नं. ५ | |
| २४ | अभिमान मेमोरियल मा.वि. | नयाँपुल, वडा नं. ५ | |
| २५ | आमासमुह भवन | झोवाङ, वडा नं. ५ | |
| २६ | संगम मा.वि. | चन्द्रकोट, वडा नं. ६ | |
| २७ | सामुदायिक भवन | ढाके, वडा नं. ६ | |
| २८ | शिद्ध आ.वि. | लुम्ले पसल, वडा नं. ६ | |
| २९ | तमु समाज घर | भाटी, लुम्ले, वडा नं. ६ | |
| ३० | लान्द्रुक समाज घर | लान्द्रुक, वडा नं. ७ | |
| ३१ | हिमालय मा.वि. | तोल्का, वडा नं. ७ | |
| ३२ | साविक लुम्ले गा.वि.स. को भवन | माझगाउँ, वडा नं. ७ | |
| ३३ | साविक लुम्ले स्वास्थ्य चौकीको भवन | माझगाउँ, वडा नं. ७ | |
| ३४ | हिमालय आ.वि. | भिचुक, वडा नं. ७ | |
| ३५ | बिरेठाँटी मा.वि. | विरेठाँटी, वडा नं. ८ | |
| ३६ | बाँकोट आ.वि. | आङवाङ, वडा नं. ८ | |
| ३७ | साविक दाङसीङ स्वास्थ्य चौकीको भवन | मोहोरिया, वडा नं. ८ | |
| ३८ | बिहानी आमासमुहको भवन | लामखेत, वडा नं. ८ | |
| ३९ | विद्याज्योती आ.वि. | तम्मु, वडा नं. ८ | |
| ४० | गैरिवाङ आमासमुहको भवन | गैरिवाङ, वडा नं. ८ | |
| ४१ | उल्लेरी आ.वि. | उल्लेरी, वडा नं. ९ | |
| ४२ | उल्लेरी आमासमुहको भवन | उल्लेरी, वडा नं. ९ | |
| ४३ | मौजा समाज घर | मौजा, वडा नं. ९ | |
| ४४ | सावेत आमासमुह भवन | सावेत, वडा नं. ९ | |
| ४५ | चण्डी आ.वि. | सावेत, वडा नं. ९ | |
| ४६ | नयाँगाउँ समाजघर | दलित बस्ती, वडा नं. ९ | |
| ४७ | भगवती मा.वि. | तिखेढुंगा, वडा नं. ९ | |
| ४८ | भुमे आ.वि. | सुदामे, वडा नं. ९ | |
| ४९ | मेश्रम बहार मा.वि. | घान्द्रुक, वडा नं. १० | |
| ५० | जनप्रेमी मा.वि | किम्चे, वडा नं. १० | |
| ५१ | अन्नपूर्ण युवाक्लव भवन | किम्चे, वडा नं. १० | |
| ५२ | माइसेवा आ.वि. | फुलिवाङ, वडा नं. १० | |
| ५३ | कुर्लुङ बराह आ.वि. | तिख्यान, वडा नं. १० | |
| ५४ | धौलाश्री मा.वि. | छोम्रोङ, वडा नं. ११ | |
| ५५ | सेन्चुरी युवाक्लव भवन | छोम्रोङ, वडा नं. ११ | |
| ५६ | तालबराह आ.वि. | मेलाँचे, वडा नं. ११ | |
| ५७ | सरस्वती आ.वि. | उरी, वडा नं. ११ | |

विष्णु बहादुर के.सी.
अध्यक्ष

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी कास्की
गण्डकी प्रदेश नेपाल
२०७३

**यस अन्नपूर्ण गाउँपालिका अन्तर्गत रहेका सम्भावित बाढी पहिरोको उच्च जोखिमयुक्त स्थानहरु:**

- वडा नं. १ को लेवाडे
- वडा नं. २ को निवारे र प्याउदी
- वडा नं. ३ को गोलडाँडा र अँधेरीखोला
- वडा नं. ४ को देउराली, सल्यान र हुलाक
- वडा नं. ५ को झोवाङ
- वडा नं. ६ को ढावा
- वडा नं. ७ को तोल्का, लान्द्रुक, ह्वाँडी, पात्लेखेत र तोमिजुङ
- वडा नं. ८ को तम्मु र मोहोरिया
- वडा नं. ९ को उल्लेरी र हिले
- वडा नं. १० को किम्चे र तिख्यान
- वडा नं. ११ को उरी र घुर्जुङ

**संपर्क नंवरहरु:**

**गाउँपालिका अध्यक्षः ९८५६००१७५०**
**गाउँपालिका उपाध्यक्षः ९८५६००१७२०**
**प्रमुख प्रशासकिय अधिकृतः ९८५६०५४३००**
**विपद फोकल पर्सनः ९८५६०३८६६०**
**वडा नं.१ वडा अध्यक्षः ९८५६००१७०१**
**वडा नं.२ वडा अध्यक्षः ९८५६००१७०२**
**वडा नं.३ वडा अध्यक्षः ९८५६००१७०३**
**वडा नं.४ वडा अध्यक्षः ९८५६००१७०४**
**वडा नं.५ वडा अध्यक्षः ९८५६००१७०५**
**वडा नं.६ वडा अध्यक्षः ९८५६००१७०६**
**वडा नं.७ वडा अध्यक्षः ९८५६००१७०७**
**वडा नं.८ वडा अध्यक्षः ९८५६००१७०८**
**वडा नं.९ वडा अध्यक्षः ९८५६००१७०९**
**वडा नं.१० वडा अध्यक्षः ९८५६००१७१०**
**वडा नं.११ वडा अध्यक्षः ९८५६००१७११**

विष्णु बहादुर के.सी.
अध्यक्ष

# चालु आर्थिक बर्ष २०७९/०८० को क्षति र राहत उद्दारको विवरण

**क्षतिको विवरण**

- बाढी पहिरोको कारण १२ वटा आवासिय घरमा क्षति पुगेको
- आगलागीबाट २ वटा पुश चौपायाको मृत्यु भएको
- चट्यांगका कारण ३ वटा पशु चौपायाको मृत्यु भएको
- चट्यांगका कारण एकवटा कृषि फर्म र १ वटा आवासिय घरमा क्षति पुगेको
- आगलागीको कारण ४ वटा गोठ/धनसारमा पुर्ण क्षति भएको
- भुकम्पको कारण २ वटा घर र ३ वटा धनसारमा क्षति पुगेको
- बाढी पहिरो र मनसुनजन्य विपदका कारण १६ वटा विधालयहरुमा विभिन्न किसिमको क्षति भएको
- बाढी पहिरोको कारण करिव ३५ स्थानमा सिंचाई कुलो र १३ ठाउँमा खानेपानीको संरचनामा क्षति भएको
- गाउँपालिका अन्तर्गतका करिव ९०% ग्रामिण सडकहरुमा बाढी पहिरोको कारण कुनै न कुनै किसिमको क्षति पुगेको

**राहत उद्दारको विवरण**

| क्र.सं. | नगद सहायता | | बस्तुगत सहायता | |
|---|---|---|---|---|
| १ | | | तारजाली | ४० थान |
| २ | | | खानेपानीको पाइप | ३०० मिटर |
| ३ | | | सिंचाइको पाइप | ६०० मिटर |
| ४ | | | त्रिपाल | ५९ थान |
| ५ | | | चेन्सो मेशिन (प्रहरी चौकी) | २ थान |
| ६ | २४ घरधुरीका लागी | रु. ३९०००० l- | गैंची (प्रहरी चौकी) | ८ थान |
| ७ | | | बेल्चा (प्रहरी चौकी) | ८ थान |
| ८ | | | हेलमेट (प्रहरी चौकी) | १२ थान |
| ९ | | | डोरी (प्रहरी चौकी) | ४४ किलो |
| १० | | | रेनकोट (प्रहरी चौकी) | १२ थान |
| ११ | | | पञ्जा (प्रहरी चौकी) | १२ जोर |
| १२ | | | गमबुट (प्रहरी चौकी) | १२ जोर |

विष्णु बहादुर के.सी.
अध्यक्ष